# आकाशवाणी समाचार- नेपाली
**मितिः १२ जून २०२६**
**समयः ०७:२५ – ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि उत्तराखण्डको दुई दिने भ्रमणमा जानुहुनेछ।

२. केंद्र सरकारले पूर्वोत्तरको दुई राज्यहरु असम र नागालैंडमा कच्चा तेल र प्राकृतिक ग्यासको खोज र उत्पादनका लागि त्रिपक्षीय समझौता पत्रमा हस्ताक्षर गरेको छ।

३. विदेशमन्त्री डा. एस जयशंकरले विश्वका विभिन्न क्षेत्रहरूमा जारी संघर्षले क्षेत्रीय सीमाभन्दा बाहिर व्यापक क्षति र परिवर्तन निम्त्याइरहेको बताउनुभएको छ।

४. वाणिज्य एवम् उद्योग मन्त्री पीयूष गोयल आजदेखि स्वीट्जरल्याण्डको दुई दिने भ्रमणमा जानुहुनेछ।

५. फिफा विश्व कप 2026 भव्य समारोहको साथमा शुभारंभ भएको छ।

**राष्ट्पति - उत्तराखंड दौरा**

राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि उत्तराखण्डको दुई दिने भ्रमणमा रहनुहुनेछ। भ्रमणका क्रममा उहाले देहरादुनको भारतीय सैन्य एकेडेमीमा १५८ औँ नियमित पाठ्यक्रम र १४१ औँ तकनीकी स्नातक पाठ्यक्रमको पासिंग आउट परेडको निरीक्षण गर्नुहुनेछ।

**अमित शाह - त्रिपक्षीय समझौता**

केंद्र सरकारले पूर्वोत्तरको दुई राज्यहरु असम र नागालैंडमा कच्चा तेल र प्राकृतिक ग्यासको खोज र उत्पादनका लागि त्रिपक्षीय समझौता पत्रमा हस्ताक्षर गरेको छ। गृहमन्त्री अमित शाह, पेट्रोलियम मंत्री हरदीप सिंह पुरी, असमका मुख्यमन्त्री हिमन्त बिस्वा सरमा र नागाल्याण्डका मुख्यमन्त्री नेफिउ रियोको उपस्थितिमा नयाँ दिल्लीमा समझदारीपत्रमा हस्ताक्षर भएको हो । सो अवसरमा श्री शाहले यसलाई ऐतिहासिक क्षणको रूपमा वर्णन गर्दै यस निर्णयले राष्ट्र पहिलो र सहकारी संघीयताको भावना प्रतिबिम्बित गरेको बताउनु भयो । यो सम्झौताले यस क्षेत्रमा तेल र ग्यासको खोजलाई उल्लेखनीय रूपमा बढावा दिने गृहमन्त्रीले बताउनु भयो।

बाइट (अमित शाह )

**जयशंकर-कुलतारंता वार्ता**

विदेशमन्त्री डा. एस जयशंकरले विश्वका विभिन्न क्षेत्रहरूमा जारी संघर्षले क्षेत्रीय सीमाभन्दा बाहिर व्यापक क्षति र परिवर्तन निम्त्याइरहेको बताउनुभएको छ। उहाले फिनल्याण्डमा भएको कुलतारंता वार्तामा फिनल्याण्डका विदेश मन्त्री एलिना वाल्टोनेन र संयुक्त अरब अमीरातका सहायक विदेशमन्त्री लाना नुसेबेहसँग उदीयमान शक्ति र नयाँ भूराजनीतिक प्रतिस्पर्धासम्बन्धी छलफलमा भाग लिने क्रममा उनले यस्तो चिन्ता व्यक्त गर्नुभयो । डा. जयशंकरले संघर्षका परिणामलाई न्यूनीकरण गर्न र कूटनीतिका लागि अनुकूल वातावरण सिर्जना गर्न अन्तर्राष्ट्रिय समुदायले निरन्तर प्रयास गर्नुपर्नेमा पनि जोड दिनुभयो। उहाले बढ्दो अस्थिर विश्वमा जोखिम कम गर्ने र आपूर्ति श्रृंखलाको विविधता ल्याउने, अधिक मजबूती र थप क्षमता विकास गर्ने महत्त्वलाई पनि उल्लेख गर्नुभयो। यसका साथमा डा. जयशंकरले भारतको ऊर्जा संबंधी निर्णयहरू राष्ट्रिय हितमा निर्देशित रहेको र खरिद सामर्थ्य र उपलब्धतालाई ध्यानमा राखेर लिइरहेको बताउनुभयो।

विदेश मन्त्री र फिनलैंड राष्ट्रपति अलेक्जेन्डर स्टबले बदलिँदो भूराजनीतिक परिस्थितिमा विचार आदानप्रदान गरे र बढ्दो अनिश्चित विश्वव्यापी वातावरणमा कूटनीतिको महत्वमा जोड दिए। उनीहरूको भेट फिनल्याण्डमा कुलतारंता संवादको क्रममा भएको थियो। सामाजिक सञ्जालमा पोष्ट गर्दै उहाँले भन्नुभयो, भारत र फिनल्याण्ड रणनीतिक साझेदारीलाई अगाडि बढाउन र साथसाथै साझा चासोका मुद्दाहरूमा बहुपक्षीय मञ्चहरूमा समन्वयलाई बलियो बनाउन प्रतिबद्ध छन्।
वार्ताका क्रममा जयशंकरले संयुक्त अरब अमीरातका सहायक विदेश मन्त्री लाना नुसेबेहसँग पनि भेटवार्ता गर्नुभयो। उहाँहरूले भारत र संयुक्त अरब अमिरात बीच व्यापक रणनीतिक साझेदारीमा भएको प्रगतिको समीक्षा गर्नुभयो र आपसी हितका क्षेत्रीय मुद्दाहरूमा पनि विचारहरूको आदान-प्रदान गर्नुभयो।

**सरकार 12 साल - विदेश नीति**

विगत १२ वर्षमा प्रधानमन्त्री नरेन्द्र मोदीको दूरदर्शी नेतृत्वमा भारतमा सबका साथ, सबका विकास, सबका विश्वास र सबका प्रयासका सिद्धान्तहरूमा उल्लेखनीय प्रगति भएको छ। यस अवधिमा सरकारले गरिब, किसान, महिला र युवाहरूको कल्याण र सशक्तिकरणका लागि धेरै महत्त्वपूर्ण योजनाहरू शुरू गर्यो। आकाशवाणी समाचारले यस अवसरमा "१२ साल विश्वास के, विकास के, जनकल्याण के" शीर्षकको विशेष शृङ्खला प्रस्तुत गर्दैछ। आजको अंकमा हामी विदेश नीतिमार्फत भारतलाई विश्वको नेताको रूपमा स्थापित गर्ने दिशामा सरकारले चालेका कदमहरूमा ध्यान केन्द्रित गर्नेछौं।

**गोयल-स्विट्जरलैंड यात्रा**

वाणिज्य एवम् उद्योग मन्त्री पीयूष गोयल आजदेखि स्वीट्जरल्याण्डको दुई दिने भ्रमणमा जानुहुनेछ। भ्रमणका क्रममा उहाँले स्वीट्जरल्याण्डका राष्ट्रपति गाय पार्मेलिन तथा स्वीट्जरल्याण्डकी आर्थिक मामिला राज्यमन्त्री हेलेन बडलिगर आर्टिडासँग शिष्टाचार भेट गर्ने कार्यक्रम छ । श्री गोयलले स्विस फार्मास्युटिकल उद्योगका प्रमुख प्रतिनिधिहरूसँग पनि अन्तरक्रिया गर्नुहुनेछ। यस भ्रमणले दुई देशबीचको आर्थिक साझेदारीलाई बलियो बनाउने र भारत-यूरोपीय मुक्त व्यापार संघ तथा आर्थिक साझेदारी सम्झौताको कार्यान्वयनका लागि वार्तालाई सहज बनाउने वाणिज्य एवम् उद्योग मन्त्रालयले बताएको छ। भ्रमणका क्रममा उहाँले ज्यूरिखका स्वीस कम्पनी र लगानीकर्तासँग द्विपक्षीय व्यापार तथा लगानी विस्तारका अवसरबारे छलफल गर्नुहुनेछ ।

**फीफा- विश्व कप**

मैक्सिको सिटीमा आज राति भएको फिफा विश्व कप 2026 को भव्य समारोहको साथमा शुभारंभ भएको छ।  एज्टेका स्टेडियममा खेलिएको उद्घाटन म्याचमा सह-आयोजक मैक्सिकोले दक्षिण अफ्रीकालाई दुई-शून्य पराजित गर्यो। मैक्सिकोका जूलियन क्विनोन्सले ९ मिनटमा पहिलो गोल गरेर आफ्नो टीमलाई एक-शून्यको बढ़त दिलाएका थिए|पछी राउल जिमेनेज़ले 67 औं मिनटमा दोस्रो गोल गरेर मैक्सिकोलाई दो-शून्यको बढत दिलाएका थिए।म्याच अवधि तीन जना खेलाडीलाई रेड कार्ड दिखाइएको थियो, जसमा मैक्सिकोका 10 र दक्षिण अफ्रीकाका 9 नम्बर खेलाडी मैदान बाहिर रहनुपर्‍यो। ग्रुप-ए-को यो म्याच इतिहासको सबैभन्दा ठूलो विश्व कपको शुभारम्भ हो जसमा 48 टीम सामेल छन्। कनाडा, मैक्सिको र अमेरीकामा एक महिनासम्म चल्ने यस फुटबल विश्व कपमा 104 म्याच खेलिनेछ।

**महिला टी-20 विश्व कप**

आईसीसी महिला टी–२० विश्वकप आजबाट सुरु हुँदैछ । प्रतियोगिताको पहिलो खेल आयोजक इंग्ल्यान्ड र श्रीलंकाबीच बर्मिङघमको एजबास्टनमा हुनेछ । एक महिना लामो प्रतियोगिता इंग्ल्यान्ड र वेल्समा हुनेछ भने फाइनल जुलाई ५ मा लर्ड्स क्रिकेट मैदानमा हुनेछ । भारतीय महिला टोलीले आफ्नो पहिलो खेल आइतबार चिर प्रतिद्वन्द्वी पाकिस्तानसँग खेल्नेछ । हरमनप्रित कौरको कप्तानीमा रहेको भारतीय टोलीले इतिहास रच्ने प्रयास गर्नेछ र पहिलो पटक टी–२० विश्वकपको उपाधि जित्ने लक्ष्य राख्नेछ

ओलम्पियन धीरज र नवप्रवेशी कुमकुमले १४ जुन मा हुने फाइनलमा कोरियाका ओलम्पिक पदक विजेता किम जे डेओक र पूर्व विश्व युवा च्याम्पियन ओह येजिनको सामना गर्नेछन्।